**आकाशवाणी समाचार- नेपाली**

मितिः ०४ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- पश्चिम बंगालकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले यदि भारतीय जनता पार्टी राज्यमा सत्तामा आए, विधानसभा क्षेत्रहरूको पुनर्गठन मार्फत बंगाललाई विभाजन गर्न सक्ने आरोप लगाउनु भयो।

- निर्वाचन आयोगले पश्चिम बंगालमा फौजदारी मुद्दाको सामना गरिरहेका राजनीतिज्ञ र व्यक्तिहरूलाई प्रदान गरिएको राज्य सुरक्षा तुरुन्तै फिर्ता लिन आदेश दिएको छ।

- दार्जीलिङका सांसद राजु विष्टले हिज फाँसीदेवा विधानसभा क्षेत्रबाट भाजपा उम्मेदवार दुर्गा मुर्मुको समर्थनमा बिजलीमणी चिया बगानमा चिया श्रमिकहरूबीच प्रचार गर्नु भयो।

- भारतीय निर्वाचन आयोगले कर्तव्यमा गम्भीर लापरवाही गरेको आरोपमा पूर्व वर्धमान जिल्लाका एक संयुक्त खण्ड विकास अधिकारी तथा सहायक निर्वाचन अधिकारीलाई निलम्बन गर्न आदेश दिएको छ।

- आगामी बंगाल विधानसभा चुनावलाई लिएर पहाडको तीनवटा विधानसभा क्षेत्रका विभिन्न राजनीतिक दलका उम्मेद्वारहरूले पनि चुनाव प्रचार तीव्र बनाएको छ।

**मुख्यमन्त्री ममता ब्यानर्जी**

पश्चिम बंगालकी मुख्यमन्त्री तथा तृणमूल कांग्रेस प्रमुख ममता ब्यानर्जीले यदि भारतीय जनता पार्टी राज्यमा सत्तामा आए, विधानसभा क्षेत्रहरूको पुनर्गठन मार्फत बंगाललाई विभाजन गर्न सक्ने आरोप लगाउनु भयो। उहाँले भन्नु भयो, भाजपाले बिहार र पश्चिम बंगालका केही भागहरू मिलाएर छुट्टै राज्य निर्माण गर्ने यो योजना बनाइएको छ। दक्षिण दिनाजपुर जिल्लाको हरिरामपुरमा एक चुनावी सभालाई सम्बोधन गर्नु हुँदै तृणमूल प्रमुख ममता ब्यानर्जीले भन्नु भयो, भाजपाले राज्यलाई विभाजन गर्ने योजना बनाइरहेको छ, तर यो सत्तामा आएमा मात्र सम्भव हुनेछ। उहाँले जनतालाई भाजपालाई फेरि हराउन अपील गर्नु भयो। मुख्यमन्त्रीले आगामी दुई चरणको विधानसभा चुनावमा मतदाताहरूलाई सतर्क रहन पनि सल्लाह दिनु भयो। उहाँले आरोप लगाउनु भयो, भाजपाले केन्द्रीय सशस्त्र पुलिस बल तैनाथ गरेर वास्तविक मतदाताहरूलाई मतदान केन्द्रहरूमा पुग्नबाट रोक्न प्रयास गर्न सक्छ। उहाँले भन्नु भयो,कुनै पनि लापरवाहीको लागि कुनै ठाउँ छैन र मानिसहरू पूर्ण रूपमा सतर्क रहनुपर्छ। उहाँले मालदा जिल्लाको कालियाचोकमा न्यायिक अधिकारीहरूको उत्पीडन मुद्दाका मुख्य अभियुक्त मोफक्करुल इस्लामलाई पक्राउ गरेकोमा पश्चिम बंगाल पुलिसको आपराधिक अनुसन्धान विभागको पनि प्रशंसा गर्नु भयो। उहाँले भन्नु भयो, राष्ट्रीय जांच एजेंसी राज्यमा आउनुभन्दा पहिले नै सीआईडीले उनलाई पक्राउ गरेको थियो।

**निर्वाचन आयोग- बंगाल सुरक्षा हटाईयो**

निर्वाचन आयोगले पश्चिम बंगालमा फौजदारी मुद्दाको सामना गरिरहेका राजनीतिज्ञ र व्यक्तिहरूलाई प्रदान गरिएको राज्य सुरक्षा तुरुन्तै फिर्ता लिन आदेश दिएको छ। जिल्ला अधीक्षकहरूलाई जारी गरिएको निर्देशनमा उनीहरूले आफ्नो पद र खतराको धारणाको मूल्याङ्कन गर्न र सुरक्षालाई अनुपयुक्त मान्न आवश्यक छ। अधिकारीहरूले यो कदम सरकारी सुरक्षाको दुरुपयोग रोक्नको लागि लक्षित भएको बताएका छन्, जसमा कुनै अवस्थामा कथित रूपमा मतदाताहरूलाई धम्काउन प्रयोग गरिएको भनिएको थियो। जिल्ला अधीक्षक र पुलिसलाई तुरुन्तै कारबाही गर्न निर्देशन दिइएको छ। उनीहरूले दश दिन भित्र गैर-जमानती मुद्दामा

अभियुक्तहरूलाई पक्राउ गर्न पनि आदेश दिएका छन्। पत्रमा प्रत्येक विधानसभा निर्वाचन क्षेत्र र पुलिस जिल्लाको लागि हाल सुरक्षा प्राप्त गर्ने सबै व्यक्तिहरूको नाम र पदनाम सहितको विस्तृत सूची तुरुन्तै पेश गर्न आदेश दिइएको छ। यो जानकारी निर्वाचन आयोगलाई बुझाउनको लागि समयसीमा तोकिएको छ। यसबाहेक, राज्य पुलिस नोडल अधिकारीलाई आज दिउँसोसम्ममा विस्तृत सुरक्षा प्रतिवेदन पेश गर्न निर्देशन दिइएको छ। मालदा र अन्य जिल्लाहरूमा हालै भएका हिंसात्मक घटनाहरूले राज्यको कानून र व्यवस्थाको अवस्थाको बारेमा चिन्ता व्यक्त गरेपछि यो निर्णय आएको हो।

**विष्ट- फाँसीदेवा**

दार्जीलिङका सांसद राजु विष्टले हिज फाँसीदेवा विधानसभा क्षेत्रबाट भाजपा उम्मेदवार दुर्गा मुर्मुको समर्थनमा बिजलीमणी चिया बगानमा चिया श्रमिकहरूबीच प्रचार गर्नु भयो। उहाँले श्रमिकहरूलाई भोटको लागि अपील गर्नु भयो। यस समयमा भाजपा उम्मेदवार दुर्गा मुर्मु पनि उहाँसँगै हुनु हुन्थ्यो। श्री विष्टले श्रमिकहरूलाई सम्बोधन गर्नु हुँदै भन्नु भयो, यदि भाजपाले राज्यमा सरकार बनायो भने, पश्चिम बंगाल विकासको राष्ट्रिय मार्गमा अगाडि बढ्नेछ, तर यदि तृणमूल कांग्रेस सत्तामा रह्यो भने, राज्यको अवस्था बिग्रन सक्छ। उहाँले आसाममा चिया श्रमिकहरूले धेरै सुविधाहरू पाउँने गरेको , जबकि पश्चिम बंगालमा उनीहरूले पर्याप्त सुविधाहरू नपाउने बताउनु भयो। उहाँले यदि नरेन्द्र मोदीको नेतृत्वमा सरकार बनिएमा, चिया श्रमिकहरूको ज्याला ३५० रूपियाँ पुऱ्याइने र उनीहरूले भूमि अधिकार पनि पाउने आश्वसन दिनु भयो। सांसदले यो चुनावलाई पानी, सडक र ढल निकासको मुद्दा मात्र नभई "बंगालको अस्तित्वको लागि लडाई" को रूपमा वर्णन गर्नु भयो।

**31 उम्मेद्वार- मनोनयन पत्र**

पश्चिम बर्दवान जिल्लामा पहिलो चरणको मतदानको लागि मनोनयन प्रक्रिया मार्च ३० मा सुरु भएको थियो। हिज 2 अप्रिलसम्म, जिल्लाको आसनसोल र दुर्गापुर निर्वाचन क्षेत्रमा राजनीतिक दल अनि स्वतन्त्र ३१ उम्मेद्वारहरूले आफ्नो मनोनयन दर्ता गराएका छन्। जिल्लाका विभिन्न विधानसभा सिटका लागि मुख्य उम्मेदवारहरू हुन्: भाबानी चरण आचार्य (एफबी), अजय कुमार पोद्दार (भाजपा), र अभिजित घटक (तृणमूल) ले कुल्टी विधानसभा सिटका लागि आफ्नो मनोनयन दर्ता गराएका छन्। अखिलेश कुमार सिंह (भाकपा-मा), कल्लोल कुमार राई (एसयूसीआई), मलय घटक (तृणमूल), र कृष्णेन्दु मुखर्जी (भाजपा) आसनसोल उत्तर विधानसभा सिटका लागि चुनावी मैदानमा छन्। प्रवीर कुमार मण्डल (भाकपा-मा), नरेन्द्रनाथ चक्रवर्ती (तृणमूल), जितेन्द्र कुमार तिवारी (भाजपा), सवना खातुन (स्वतन्त्र), र रजिया बीबी (स्वतन्त्र) ले पाण्डेश्वर विधानसभा सिटका लागि आफ्नो मनोनयन दर्ता गराएका छन्। जामुरिया विधानसभा सिटबाट मोहम्मद सब्बीर हुसेन (सीपीआई-एम), बिजन कुमार मुखर्जी (बीजेपी), र हरे राम सिंह (तृणमूल) उम्मेदवार छन्। दुर्गापुर पूर्व विधानसभा सिटबाट चन्द्रशेखर बनर्जी (बीजेपी), प्रदीप कुमार मजुमदार (तृणमूल), र सीमान्त चटर्जी (सीपीआई-एम) ले आफ्नो उम्मेदवारी दर्ता गरेका छन्। दुर्गापुर पश्चिम विधानसभा सिटबाट लखन चन्द्र घुरुई (बीजेपी), कवि दत्त (तृणमूल), र प्रवेश सैन (सीपीआई-एम) ले उम्मेदवारी दिइरहेका छन्। बाराबनी विधानसभा सिटबाट विधान उपाध्याय (तृणमूल), विश्वजित बौरी (एआईएसएफ), र देबेश्वर बेसरा (एसयूसीआई) ले आफ्नो उम्मेदवारी दर्ता गराएका छन्। आसनसोल दक्षिण विधानसभा सिटबाट शिल्पी चक्रवर्ती (सीपीआई-एम), अग्निमित्र पल (बीजेपी), र तापस बनर्जी (तृणमूल) उम्मेदवार छन्।

रानीगञ्ज विधानसभा सिटबाट कालो बरन मण्डल (तृणमूल) र पार्थो घोष (भाजपा) ले आफ्नो उम्मेदवारी दर्ता गरेका छन्। जिल्लामा उम्मेदवारी प्रक्रियासँगै चुनावी गतिविधि तीव्र भएको छ र सबै प्रमुख दलहरूले आ-आफ्ना उम्मेदवारहरूको समर्थनमा आफ्नो अभियानलाई तीव्र बनाउन थालेका छन्।

**पहाड- चुनाव प्रचार**

आगामी बंगाल विधानसभा चुनावलाई लिएर पहाडको तीनवटा विधानसभा क्षेत्रका विभिन्न राजनीतिक दलका उम्मेद्वारहरूले पनि चुनाव प्रचार तीव्र बनाएको छ। यस क्रममा हिज भारतीय जनता पार्टीको खरसाङ विधानसभा क्षेत्रका उम्मेद्वार सोनम लामाले सोनादा पचेङ मण्डलमा चुनाव प्रचार गर्नु भयो। यसावधि उहाँसत भाजपा दार्जिलिङ जिल्ला अध्यक्ष सञ्जीव लामा लगायत अन्य पार्टी प्रतिनिधिहरू पनि उपस्थित थिए। प्रचारको क्रममा श्री लामाले पूर्व सांसद तथा क्रामकपाका वरिष्ठ नेता आर.बी.

राईको निवासमा पुगेर आशिर्वाद लिनु भयो। यसैबीच खरसाङ विधानसभा क्षेत्रका भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाका उम्मेद्वार अमर लामाले आफ्नो चुनावी प्रचारलाई तीब्रता दिँदै हिज सुकना पानीघट्टा समष्टि अन्तर्गत मेरोनबारी चियाबारीमा श्रमिकहरू समक्ष पुगेर चुनाव प्रचार गर्नु भयो। यसक्रममा पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै भागोप्रमो प्रार्थी अमर लामाले आफू विजय भएको खण्डमा श्रमिकहरूको समस्या समधान गर्नका लागि विधानसभामा आफूले अवाज उठाउने बताउनु भएको छ। अर्कोतिर दार्जीलिङ विधानसभा क्षेत्रबाट भारतीय जनता पार्टीका उम्मेद्वार नोमन राई अनि कालेबुङ विधानसभा क्षेत्रका आईजीजेएफ प्रार्थी बर्नेन ब्रिटो लेप्चाले आज आ-आफ्नो नामङ्कन पत्र दर्ता गर्ने जानकारी प्राप्त भएको छ। यता इण्डियन गोर्खा जनशक्ति फ्रण्डबाट खरसाङ विधानसभा क्षेत्रकी उम्मेद्वार बन्दना राईले पनि हिजदेखि विभिन्न चियाबारीमा पुगेर आफ्नो चुनावी अभियान शुरू गर्नु भएको छ।

****** ० ******